**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ मार्च २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. राष्टपति दौपद्री मुर्मू अनि प्रधानमन्त्री नरेन्द्र मोदीले होलीको पूर्व सन्ध्यामा देशवासीलाई शुभकामना दिनुभएको छ।

२. निर्वाचन आयोगले आफनो आदर्श वाक्य कुनै मतदाता पछि नछोड़ियोस माथि ध्यान केन्द्रित गर्दै सुलभ मतदानको लागि कार्य गरिरहेको छ।

३. केन्द्र सरकारले प्याजको निर्यातमाथि प्रतिबन्ध आगामी आदेशसम्म बढ़ाइदिएको छ।

४. आज विश्व क्षयरोग दिवस हो। राष्ट्रपति द्रौपदी मुर्मूले देशवासीसित भारतलाई क्षयरोग मुक्त बनाउने आह्वान गर्नुभएको छ।

५. मौसम विभागले आगामी २६ मार्चसम्म पूर्वोत्तर भारत अनि पश्चिम बंगालको निम्न हिमालय क्षेत्रमा गर्जन साथ हुरी बतास अनि वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

**राष्ट्रपति-प्रधानमंत्री-होली**

राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेन्द्र मोदीले होलीको पूर्व संध्यामा मानिसहरुलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले एउटा संदेशमा होली हर्षोल्लास अनि खुशिको त्योहार रहेको तथा होलीको पर्वले मानिसहरुमा आशा अनि उत्साहको भावना जगाउने पनि राष्ट्रपतिले बताउनु भयो। उहाँले भन्नुभयो, होलीको रंग देशको विविधता को प्रतीक हो अनि यस त्योहारले प्रेम, एकजुटता अनि भाईचारालाई बढ़ावा दिँदछ। होलीले प्रत्येक व्यक्तिको जीवनमा खुशि ल्याउने अनि सबैलाई एक नयाँ उत्साहसित राष्ट्र निर्माणतर्फ अग्रसर पार्ने कामना पनि उहाले गर्नु भएको छ। प्रधानमंत्री नरेन्द्र मोदीले पनि देशवासीहरुलाई होली को शुभकामना दिनुभएको छ। होली को पर्वले सबैको जीवनमा नयाँ ऊर्जा अनि उत्साहको संचार गर्ने पनि श्री मोदीले आशा व्यक्त गर्नु भएको छ।

****** ० ******

**रक्षा मन्त्री- होली**

रक्षा मन्त्री राजनाथ सिंहले आज चीनको सीमामा लेह (लद्दाख)-मा सशस्त्र बलका जवानहरूसित होली मनाउनु भयो। उहाले जवानहरूलाई रंग-अबिर लगाए पछि मिठाई खुवाएर होलीको बधाई दिनुभयो। पहिला सियाचिन गएर सैनिकहरूसित होली मनाउने उहाको योजना थियो तर आज बिहान विपरीत मौसमको कारण उहाँको कार्यक्रममा अचानक परिवर्तन गरियो। उहाले भन्नुभयो- हाम्रा देवी-देवताले कुनै न कुनै प्रकारले हाम्रो रक्षा गर्छन्। त्यसरी नै शत्रुहरूबाट हाम्रो रक्षा गर्दै सबै सैनिकहरू पनि हाम्रो लागि कुनै रक्षक देवताभन्दा कम छैनन्। उल्लेखनिय छ रक्षा मन्त्रीले दीपावली र होलीको पर्व देशको कुनै न कुनै सीमामा गएर सैनिकहरूसंग मनाउँदै आइरहेका छन्।

****** ० ******

**निर्वाचन आयोग**

निर्वाचन आयोगले आफ्नो आदर्श वाक्य कुनै मतदाता पछि नछोड़ियोस् माथि ध्यान केन्द्रित गर्दै हरेक समय सुलभ मतदानको लागि कार्य गरिरहेको छ। निर्वाचन आयोगको घोषणा अनुसार ८५ वर्षभन्दा अधिक उमेर भएका मतदाता अनि ४० प्रतिशत विकलांग भएको दिव्यांग मतदाताहरूले घरबाट नै मतदान गर्न सक्नेछ। प्रत्येक मतदान केन्दहरूमा स्वयंसेवक अनि व्हील चियर उपलब्ध रहनेछ। आयोगले दिव्यांगजन अनि बुजुर्गहरूको निम्ति परिवहन सुविधाको पनि व्यवस्थाा गरिरहेको छ। आयोगले दिव्यांगजनहरूको निम्ति सक्षम मोबाइल एप्प शुरू गरेको छ। दिव्यांगजनहरूद्वारा प्रबन्धित मतदान केन्द्र, केवल महिलाहरूद्वारा प्रबन्धित मतदान केन्द्र अनि मोर्डन मतदान केन्द्र पनि प्रत्येक विधानसभा क्षेत्रमा हुनेछ।

****** ० ******

**कोचबिहार- लोकसभा चुनाव**

बांग्लादेशको सीमामा स्थित पश्चिम बंगालको कोचबिहार लोकसभा सीटमा यस पल्ट विभिन्न कारणहरुले गर्दा रोचक प्रतिद्वंधित्व हुने आशा छ। कूचबिहारबाट भाजपा सांसद एवं केंद्रीय गृह राज्यमंत्री निशिथ प्रमाणिकले अघिबाटै आफ्नो प्रचार अभियान शुरू गरिसकेका छन्। त्यही उनका प्रतिद्वंद्वी आगामी चुनावका लागि अपनाईने प्रचार शैलीलाई लिएर केहि भ्रमित देखा परिरहेका छन्। कूचबिहारमा पहिलो चरणमा १९ अप्रैलको दिन मतदान हुनेछ। त्यहाँ १८ लाख भन्दा अधिक मतदाता

छन्। यस सीटमा तृणमूल कांग्रेसको आंतरिक गुटबाजी पार्टीको लागि चिंताको बिषय बनेको छ। यसैले भाजपाका हैवीवेट उम्मेद्वार बिरुद्ध एउटा सुनियोजित अभियानको कमि देखा परिरहेको छ। तृणमूल कांग्रेसले जिल्लाको नौवटा विधानसभा क्षेत्रहरु मध्ये एक सिताईका वर्तमान विधायक जगदीश चंद्र बर्मा बसुनियालाई मैदानमा उतारेको छ। वाम मोर्चाको घटक दल अल इंडिया फरवर्ड ब्लकले जिल्लाका अनुभवी पार्टी नेता नीतीश चंद्र रायलाई मैदानमा उतारेको छ जो छात्र राजनीतिबाट पार्टीमा अघि बढ़ेका हुन्। जिल्लामा उहाको पार्टीको संगठनात्मक नेटवर्क सठिक स्थितिमा नरहेको स्वीकार गर्दै, रायले ठुलो रैलिहरु वा बैठकहरु गर्नुको सट्टा घर-घर अभियान माथि ध्यान केंद्रित गरिरहेको बताउनुभएको छ।

****** ० ******

**<u>पश्चिम बंगाल- लोकसभा उम्मेद्वार</u>**

पश्चिम बंगाल मार्क्सवादी कम्यूनिष्ट पार्टी-सीपीआई(एम) ले हिज राज्यका चार प्रमुख लोकसभा सिटहरुका लागि उम्मीदवारहरुको घोषणा गरेको छ। सीपीआई (एम) का राज्य सचिव मोहम्मद सलीमलाई- मुर्शिदाबाद, अलकेश दासलाई-राणाघाट, सुकृति घोषलाई-बर्धमान दुर्गापुर अनि श्यामली प्रधानलाई बोलपुर निर्वाचन क्षेत्र बाट उम्मेद्वार बनाइएको छ।

****** ० ******

**<u>सिक्किम</u>**

सिक्किममा, एकमात्र लोकसभा सीट अनि राज्य विधानसभाको ३२ सीटका लागि एकै साथ शांतिपूर्वक चुनाव गराउने तैयारीहरु गरिन्दैछ। राज्यको मुख्य निर्वाचन अधिकारी डी अदाननले आकाशवाणी समाचारलाई बताउनु भए अनुसार दिव्यांगजन सहित सबै योग्य मतदाता द्वारा चुनाउको दिन स्वतंत्र अनि निष्पक्ष वातावरणमा सुगमतासित आफ्नो मताघिकारको प्रयोग गर्ने सबै प्रयास गरिन्दैछ।

****** ० ******

**प्याज-निर्यात**

केंद्र सरकारले प्याजको निर्यातमाथि प्रतिबन्ध आगामी आदेश सम्म बढ़ाइदिएको छ। घरेलू उपलब्धता बढ़ाउन अनि प्याजको मूल्यलाई नियंत्रणमा राख्नको लागि यो निर्णय लिइएको हो। विदेश व्यापार महानिदेशालय-डीजीएफटीले एउटा अधिसूचनामा भनेको छ प्याजको निर्यातमाथि ३१ मार्च २०२४ सम्म रोक लगाईएको थियो अनि अब यसलाई आगामी आदेश सम्म बढ़ाइंदैछ। गत वर्ष दिसंबरमा सरकारले प्याजको निर्यातमाथि प्रतिबंध लगाइदिएको थियो। यद्यपि प्रत्येक मामलाको आधारमा मित्र देशहरुलाई प्याजको निर्यातको अनुमति भने दिइएको छ।

****** ० ******

**<u>टि.बी डे</u>**

आज अर्थात २४ मार्चको दिन क्षयरोग दिवसको रूपमा मनाइने गरिन्छ। आजको दिन वर्ष १८८२ मा डा. रोबर्ट कोचले क्षय रोगको जीवाणु माइको ब्याकेटिरयम टयूबरक्लोसिसको पत्तो लगाएका थिए। यस दिवसको उद्देश्य क्षयरोगको बारेमा मानिसहरूमा जागरूकता गर्न अनि यसको फैलावलाई रोक्न हो। क्षय रोगले फोक्सोलाई सर्वाधिक प्रभावित गर्दछ अनि मृगौला, रीढ़को हड्डी अनि मस्तिष्कसलाई पनि असर गर्दछ। कमजोर प्रतिरक्षा प्रणाली, मधुमेह, कुपोषण अनि सूर्तीको उपयोग गर्नेहरूलाई यस रोगको जोखिम अझ बढ़दछ।

****** ० ******

**<u>टी.बी डे प्रेसिडेन्ट</u>**

राष्टपति द्रौपदी मुर्मूले देशवासीहरूसित भारतलाई टी.बी अर्थात क्षय रोग मुक्त बनाउने आह्वान गर्नुभएको छ। राष्ट्रपतिले टी.बी बारे जागरूकता बढ़ाउने उद्देश्यले यस दिवस मनाइरहेकोमा प्रसन्नता व्यक्त गर्दै भन्नुभयो यसले टीबी रोगलाई नियन्त्रित गर्ने चुनौतिहरूको बारेमा मानिसहरू जागरूक हुन सक्नेछन्।

****** ० ******

**<u>पब्लिक स्पीक</u>**

आकाशवाणीको समाचार सेवा प्रभागले आफ्नो साप्ताहिक प्रत्यक्छा फोन-इन कार्यक्रम पब्लिक स्पीकमा भोलि राती नौ बजेर तीस मिनेट जाँदा, देश में स्टार्टअप तंत्रलाई मजबूत बनाउनको निम्ति अत्याधुनिक तकनिकीहरूको उपयोग विषय माथि विशेष चर्चा प्रसारित गर्नेछ। चर्चामा इलेक्ट्रनिक इंडस्ट्रीज अफ इंडियाका महासचिव राजू गोयलले भाग लिनुहुनेछ।

कार्यक्रमको अवधि श्रोताहरुले देशमा स्टार्टअप व्यवस्थालाई विकसित अनि दृढ़ बनाउनमा प्रौद्योगिकी को उपयोग बारे प्रश्न सोध्न सक्नेछन्।

****** ० ******

**जलपाइगडी–बीएसएफ**

जलपाइगडी जिल्लाको भारत-बंगलादेश सीमामा तैनाथ उत्तर बंगाल फ्रण्टियरको सिलगढ़ी सेक्टर अन्तर्गत सीमा सुरक्षा बल (बीएसएफ)-को १५ औं बटालियनको बोर्डर आउट पोस्ट (बीओपी) कौटिल्यका जवानहरूले एक बंगलादेशी नागरिक सहित दुईजना व्यक्तिलाई पक्राउ गरेको छ। यो जानकारी बीएसएफले आज एक प्रेस विज्ञप्ति मार्फत दिएको हो। प्राप्त जानकारी अनुसार दुवै आरोपीलाई बंगलादेशदेखि भारत तर्फ अवैध ढंगमा सीमा पार गर्ने प्रयास गरिरहेको अवस्थामा पक्राउ गरिएको थियो। दुवै आरोपीलाई जफत गरिएका सामग्रीहरू सहित कोतवानी थानामा सुम्पिइएको छ।

****** ० ******

**मौसम**

मौसम विभागले २६ मार्च सम्म पूर्वोत्तर भारत अनि पश्चिम बंगालको उप-हिमालय क्षेत्रमा गरजन साथ हुरी बतास अनि वर्षाको संभावना व्यक्त गरेको छ। अरूणाचल प्रदेश, असम, मेघालय अनि सिक्किमका केही भागहरुमा आगामी दुइ दिनमा भारी वर्षा, अनि हुरी बतासको संभावना व्यक्त गरेको छ। मौसम विभागले नागालैंड, मणिपुर, मिजोरम अनि त्रिपुरामा २६ मार्चसम्म हल्का देखि मध्यम वर्षा हुने अनुमान लगाएको छ। पश्चिमी विक्षोभको कारण जम्मू-कश्मीर, लद्दाख, गिलगित, बाल्टिस्तान, मुजफ्फराबाद, हिमाचल प्रदेश, पंजाब, हरियाणा, राजस्थान अनि उत्तराखंडमा २६ मार्चसम्म हल्का वर्षा अनि हुरी बतासको संभावना रहेको पनि मौसम विभागले बताएको छ।

****** ० ******

**बडी रिकभर्ड**

बाघडुग्रा स्टेशनको पार्किङ क्षेत्रबाट आज एक नवजातको शव फेला पारेको छ। घटना अघि आउने बित्तिकै क्षेत्रमा हल्ला मच्चियो। स्थानीय मानिसहरूले बताए कि रेलवे स्टेशनको पार्किंग एरियाको झोड़ामा एक नवजातलाई लड़िरहेको देखे। यसको जानकारी स्थानीय मानिसहरूले बाघडुग्रा थानाका पुलिस अनि रेलवे पुलिस अधिकारीलाई दिए। खबर प्राप्त भएपछि पुलिसले घटनास्थलमा पुगेर नवजात शिशुलाई बरामद गरेर बाघडुग्रा प्राथमिक स्वास्थ्य केन्द्रमा पुरयाए जहाँ चिकित्सकहरूले शिशुलाई मृत घोषित गरे। पुलिस घटनाको जाँचमा जुटेको छ।

****** ० ******

************